रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रत्ननगर, चितवन

## करदाताहरुका लागि कर छुट सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रथम पटक प्रकाशित मिति २०७८।०५।१५

स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेका अधिकारको प्रयोग गरी रत्ननगर नगरपालिकाले पारित गरे बमोजिमको कर तथा शुल्क संकलनलाई प्रभावकारी बनाई आन्तरिक आयमा लक्ष्य अनुसार राजश्व संकलन गर्ने कार्यमा सम्पूर्ण वडा बासीहरुको महत्वपूर्ण भूमिका रहने भएकोले समयमानै नगरपालिकालाई बुझाउनु पर्ने कर, दस्तुर, शुल्क चुक्ता गरी सम्पूर्ण सेवाग्राहीहरुले ऐन नियमको पूर्णरुपमा पालना गर्नु हुन जानकारी गराईन्छ । साथै समयावधि भित्र नगरपालिकाले निर्देशित गरिएका फाराम अनुसार आ-आफ्नो व्यवसाय, घर जग्गा तथा संरचनाको सत्यतथ्य विवरण दाखिला गर्न आह्वान गरिन्छ । यदी कर नतिर्ने, कर छल्ने तथा झुट्टा विवरण पेश गर्ने कार्य गरेमा कानुन बमोजिम कारवाही/दण्ड जरिवाना एवं नगरपालिकावाट उपलब्ध हुने सेवा सुविधावाट वन्चित हुने व्यहोरा समेत जानकारी गराईन्छ । साथै यस आ.व.२०७८।०७९ मा यस नगरपालिकावाट निम्नानुसारको छुटको व्यवस्था गरिएकाले तोकिएको समय भित्र कर चुक्ता गरि आर्थिक लाभ लिनु हुन सम्पूर्ण करदाताहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

<u>कर छुट सम्वन्धि व्यवस्था :</u>

१. आर्थिक बर्ष २०७८।०७९ को सम्पत्तिकर २०७८ कार्तिक मसान्त भित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत कर छुटको व्यवस्था गरिएको छ ।

२. आ.व.२०७८।०७९ को आवाशिय प्रयोजनका लागि प्रयोग हुने बहाल करमा ७ % छुट गरि ३% मात्र लाग्ने व्यवस्था गरिएको छ ।

३. आ.व. २०७८।०७९ को व्यवसाय कर २०७८ कार्तिक मसान्त सम्म बुझाएमा लाग्ने करमा २० प्रतिशत छुट गरिएको छ । साथै गत, बिगत आर्थिक बर्षहरुको व्यवसाय करको जरिवनामा २०७८ कार्तिक मसान्त भित्र बुझाएमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

शिशिर पौडेल